नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२८१
४२००५०५
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७५/७६
चलानी नम्बरः- ९९४२

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः २०७६।०३।०६

विषयः- सभामा बजेट पेश तथा पारित गरी खर्च गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं.८३२ मिति २०७६/०३/०१ को पत्र यसै साथ संलग्न छ । सोही पत्रबाट व्यहोरा अवगत गर्नुभई कार्यान्वयन गर्नुहुन जानकारीको लागि अनुरोध छ ।

३।६

.............................
बसन्त राज पौडेल
लेखा अधिकृत

**बोधार्थः-**
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन शाखा,
सिंहदरबार, काठमाण्डौः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०७५/७६
च. नं.:- ८३२

मितिः २०७६।०३।१

**विषयः सभामा बजेट पेश तथा पारित गरी खर्च गर्ने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु सवै

नेपालको संविधानको धारा ५९ को उपधारा (३) मा "संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ" भन्ने व्यवस्था भएको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) मा "गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेश गर्नु पर्नेछ" भन्ने र सोही ऐनको दफा २७ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले संचित कोष माथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्नेछ" भन्ने कानुनी प्रावधान रहेको व्यहोरा विदितै छ ।

प्रस्तुत सन्दर्भमा संविधान तथा कानूनमा भएको उल्लिखित व्यवस्था अनुसार तहाँ पालिकाबाट समयमा नै सभामा बजेट पेश गरी सभाबाट स्वीकृत भएपछि मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ । संविधान र कानूनको व्यवस्था अनुसार बजेट सम्बन्धी प्रकृया पालना नभएमा नेपाल सरकारबाट तहाँ पालिकालाई कानुन बमोजिम हस्तान्तरण हुने सबै प्रकारका अनुदानहरुको निकासा र राजस्व बाँडफाँटको रकम हस्तान्तरण लगायतका प्रक्रियामा प्रचलित कानून बमोजिम कठिनाई आउन सक्ने व्यहोरा लेखि पठाउन मिति २०७६।३।१ मा निर्णय भएकोले सो व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०७६।३।१
(थानेश्वर गौतम)
सह-सचिव

**बोधार्थ :**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं : तहाँबाट समेत आवश्यक समन्वय हुन ।
श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०